# नेपाल नागरिक उड्डयन प्राधिकरण

## खुला प्रतियोगितात्मक परीक्षाद्वारा स्थायी पदपूर्ति सम्वन्धी सूचना

### (लिखित परीक्षा संचालन लोक सेवा आयोगवाट हुनेछ)

**(प्रथम पटक प्रकाशित मिति २०७४/०८/०६)**

नेपाल नागरिक उड्डयन प्राधिकरण प्रधान कार्यालय वा अन्तर्गतका कार्यालयहरुमा रिक्त रहेका तपसिल वमोजिमका पदहरु खुल्ला प्रतियोगितात्मक परीक्षाद्वारा स्थायी पदपूर्ति गर्नुपर्ने भएकोले देहायको योग्यता भएका उम्मेदवारहरुले प्राधिकरणद्वारा स्वीकृत दरखास्त फाराम भरी प्रथम पटक यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिन र दोब्बर दस्तुर तिरी थप ७ (सात) दिनभित्र रीतपूर्वकको दरखास्त फाराम पेश गर्नु हुन लोक सेवा आयोगवाट प्राप्त सहमति अनुसार यो सूचना प्रकाशन गरिएको छ । यो सूचना प्राधिकरणको Website: www.caanepal.org.np मा समेत हेर्न सकिने छ ।

| सि नं. | विज्ञापन नं. | पद | तह | सेवा | समूह | उप समूह | पदपूर्ति गर्नुपर्ने संख्या | खुला तथा समावेशी | माग पद संख्या | आवश्यक न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ५५/०७४/७५ | निर्देशक | ११ | प्र. | आर्थिक प्रशासन | उप समूहिकृत नहुने | १ | महिला | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट वाणिज्यशास्त्र, अर्थशास्त्र वा व्यापार प्रशासनमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण । |
| २ | ५६/०७४/७५ | उपनिर्देशक | १० | प्र. | प्रशासन | उप समूहिकृत नहुने | १ | महिला | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट कुनै पनि विषयमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण । |
| ३ | ५७/०७४/७५ | उपनिर्देशक | १० | प्रा. | सिभिल इन्जि. | | १ | खुला | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ्ग विषयमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण । |
| ४ | ५८/०७४/७५ | उपनिर्देशक | १० | प्रा. | ईलेक्ट्रिकल इन्जि. | | १ | खुला | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट इलेक्ट्रिकल इन्जिनियरिङ्ग विषयमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण । |
| ५ | ५९/०७४/७५ | उपनिर्देशक | १० | प्रा. | मेकानिकल इन्जि. | | २ | खुला<br>महिला | १<br>१ | मान्यता प्राप्त शिक्षण संस्थाबाट मेकानिकल इन्जिनियरिङ्ग विषयमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण । |
| ६ | ६०/०७४/७५ | प्रवन्धक | ९ | प्र. | आर्थिक प्रशासन | लेखा | २ | खुला<br>महिला | १<br>१ | मान्यता प्राप्त शिक्षण संस्थाबाट वाणिज्यशास्त्र, अर्थशास्त्र वा व्यापार प्रशासनमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण । |
| ७ | ६१/०७४/७५ | प्रवन्धक | ९ | प्रा. | ई. एण्ड टे.कम. इन्जि. | | ४ | खुला | ४ | मान्यता प्राप्त शिक्षण संस्थाबाट ईलेक्ट्रोनिक्स/ईलेक्ट्रोनिक्स एण्ड टेलिकम्यूनिकेशन ईन्जिनियरिङ्ग विषयमा स्नातक तह उत्तीर्ण र सम्वन्धित विषयमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण गरेको ।<br>वा<br>मान्यता प्राप्त शिक्षण संस्थाबाट कुनै विषयमा स्नातकोत्तर तह उत्तीर्ण र प्राधिकरणबाट मान्यता प्राप्त संस्थाबाट कम्तिमा १ (एक) वर्षको एरोनटिकल रेडियो मेन्टिनेन्स तालीम प्राप्त । |
| ८ | ६२/०७४/७५ | उपप्रवन्धक | ८ | प्रा. | ए.ट्रा.स. | | ५ | खुला<br>महिला<br>आ.ज. | ३<br>१<br>१ | मान्यता प्राप्त शिक्षण संस्थाबाट कुनै विषयमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण र प्राधिकरणबाट मान्यता प्राप्त संस्थाबाट एकै चरण वा दुई चरणमा गरी कम्तिमा एक वर्ष अवधिको आधारभूत एयर ट्राफिक सर्भिसेज तालीम प्राप्त । |
| ९ | ६३/०७४/७५ | उपप्रवन्धक | ८ | प्रा. | इलेक्ट्रिकल इन्जि. | | १ | खुला | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट ईलेक्ट्रिकल ईन्जिनियरिङ्ग विषयमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण । |
| १० | ६४/०७४/७५ | उपप्रवन्धक | ८ | प्रा. | ई. एण्ड टे.कम. इन्जि. | | ४ | खुला<br>महिला<br>आ.ज. | २<br>१<br>१ | मान्यता प्राप्त शिक्षण संस्थाबाट ईलेक्ट्रोनिक्स/ईलेक्ट्रोनिक्स एण्ड टेलिकम्यूनिकेशन ईन्जिनियरिङ्ग विषयमा स्नातक तह उत्तीर्ण र सम्वन्धित विषयमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण गरेको ।<br>वा<br>मान्यता प्राप्त शिक्षण संस्थाबाट कुनै विषयमा स्नातकोत्तर तह उत्तीर्ण र प्राधिकरणबाट मान्यता प्राप्त संस्थाबाट कम्तिमा १ (एक) वर्षको एरोनटिकल रेडियो मेन्टिनेन्स तालीम प्राप्त । |
| ११ | ६५/०७४/७५ | उपप्रवन्धक | ८ | प्रा. | मेकानिकल इन्जि. | | ३ | खुला<br>महिला | २<br>१ | मान्यता प्राप्त शिक्षण संस्थाबाट मेकानिकल ईन्जिनियरिङ्ग विषयमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण । |
| १२ | ६६/०७४/७५ | वरिष्ठ अधिकृत | ७ | प्र. | आर्थिक प्रशासन | लेखा | ४ | खुला<br>महिला<br>आ.ज. | २<br>१<br>१ | मान्यता प्राप्त शिक्षण संस्थाबाट वाणिज्यशास्त्र, अर्थशास्त्र वा व्यापार प्रशासनमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण । |
| १३ | ६७/०७४/७५ | वरिष्ठ अधिकृत | ७ | प्र. | आर्थिक प्रशासन | राजश्व | २ | खुला<br>महिला | १<br>१ | मान्यता प्राप्त शिक्षण संस्थाबाट वाणिज्यशास्त्र, अर्थशास्त्र वा व्यापार प्रशासनमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण । |
| १४ | ६८/०७४/७५ | वरिष्ठ अधिकृत | ७ | प्रा. | एरोनटिकल ईन्जि. (एयर वर्दिनेश) | | १ | खुला | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट विज्ञान विषयमा गणित र भौतिक शास्त्र सहित स्नातक तह उत्तिर्ण गरी एयरक्राफ्ट मेन्टेनेन्स लाइसेन्स प्राप्त गरेको, वा मेकानिकल/इलेक्ट्रिकल/इलेक्ट्रोनिक्स/एयरवर्दिनेश/एरोनटिकल इन्जिनियरिङ्गमा स्नातक गरी वायुयान मर्मत सम्भार वा Continuing Airworthiness मा कम्तीमा दुई वर्षको कार्य अनुभव प्राप्त गरेको । |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १५ | ६९/०७४/७५ | वरिष्ठ अधिकृत | ७ | प्रा. | ए.ट्रा.स. | | ४७ | खुला<br>महिला<br>आ.ज.<br>मधेसी<br>दलित<br>पिछडिएको क्षेत्र | २६<br>७<br>६<br>५<br>२<br>१ | मान्यता प्राप्त शैक्षिक संस्थाबाट विज्ञान वा सूचना प्रविधि (IT) वा व्यवस्थापन वा इन्जिनियरिङ्ग विषयमा कम्तिमा द्वितीय श्रेणीमा स्नातक तह उत्तीर्ण र प्राधिकरणबाट मान्यता प्राप्त संस्थाबाट कम्तिमा ६ (छ) महिना अवधिको आधारभूत एयर ट्राफिक सर्भिसेज तालीम प्राप्त गरेको । |
| १६ | ७०/०७४/७५ | वरिष्ठ अधिकृत | ७ | प्रा. | एभिएशन फायर सर्भिसेस | | ३ | खुला<br>महिला | २<br>१ | मान्यता प्राप्त शिक्षण संस्थाबाट कुनै विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण र नागरिक उड्डयनसँग सम्बन्धित संस्थाबाट जीवनोद्धार तथा विमानस्थल अग्नि निवारण सम्बन्धी आधारभूत तालीम प्राप्त र कम्तीमा एक महिनाको सम्बन्धित विषयको थप तालीम प्राप्त गरेको । |
| १७ | ७१/०७४/७५ | वरिष्ठ अधिकृत | ७ | प्रा. | फ्ला.अ.स. | | १ | खुला | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट विज्ञान विषयमा गणित र भौतिक शास्त्र सहित दश जोड दुई उत्तीर्ण गरी अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठनको कुनै सदस्य राष्ट्रबाट कमर्सियल पाइलट लाइसेन्स प्राप्त गरेको र कम्तीमा ५०० घण्टाको उडान अनुभव हासिल गरेको । |
| १८ | ७२/०७४/७५ | वरिष्ठ अधिकृत | ७ | प्रा. | सिभिल | | २ | खुला | २ | मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल/एयरपोर्ट इञ्जिनियरिङ्ग विषयमा स्नातकतह वा सो सरह उत्तीर्ण । |
| १९ | ७३/०७४/७५ | वरिष्ठ अधिकृत | ७ | प्रा. | इलेक्ट्रिकल इन्जि. | | २ | खुला<br>महिला | १<br>१ | मान्यता प्राप्त शिक्षण संस्थाबाट इलेक्ट्रिकल इञ्जिनियरिङ्ग विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण । |
| २० | ७४/०७४/७५ | वरिष्ठ अधिकृत | ७ | प्रा. | ई. एण्ड टे.कम. इन्जि. | | ४ | खुला<br>महिला | ३<br>१ | मान्यता प्राप्त शिक्षण संस्थाबाट इलेक्ट्रोनिक्स/इलेक्ट्रोनिक्स एण्ड टेलिकम्युनिकेशन इन्जिनियरिङ्ग विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण । |
| २१ | ७५/०७४/७५ | अधिकृत | ६ | प्र. | प्रशासन | प्रशासन | २ | खुला<br>महिला | १<br>१ | मान्यता प्राप्त शिक्षण संस्थाबाट कुनै विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण । |
| २२ | ७६/०७४/७५ | अधिकृत | ६ | प्रा. | एभिएशन फायर सर्भिसेस | | ७ | खुला<br>महिला<br>आ.ज.<br>मधेसी | ४<br>१<br>१<br>१ | मान्यता प्राप्त शिक्षण संस्थाबाट कुनै विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण र नागरिक उड्डयनसंग सम्वन्धित संस्थाबाट जीवनोद्धार तथा विमानस्थल अग्नि निवारण सम्वन्धी आधारभूत तालीम प्राप्त गरी कम्तिमा १८ कार्यदिनको पुनताजगी (Refresher) तालीम प्राप्त । |
| २३ | ७७/०७४/७५ | वरिष्ठ सहायक | ५ | प्र. | प्रशासन | प्रशासन | २ | खुला<br>महिला | १<br>१ | मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण । |
| २४ | ७८/०७४/७५ | वरिष्ठ सहायक | ५ | प्र. | आर्थिक प्रशासन | लेखा | २ | खुला<br>महिला | १<br>१ | मान्यता प्राप्त शिक्षण संस्थाबाट वाणिज्यशास्त्र, अर्थशास्त्र वा व्यापार प्रशासनमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण । |
| २५ | ७९/०७४/७५ | वरिष्ठ सहायक | ५ | प्रा. | एभिएशन फायर सर्भिस | | ५ | खुला<br>महिला | २<br>३ | मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण र नागरिक उड्डयनसंग सम्बन्धित संस्थाबाट जीवनोद्धार तथा विमानस्थल अग्नि निवारण सम्बन्धी आधारभूत तालीम प्राप्त । |
| २६ | ८०/०७४/७५ | वरिष्ठ सहायक | ५ | प्रा. | सिभिल इन्जि. | | २ | खुला<br>महिला | १<br>१ | मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ्ग विषयमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण । |
| २७ | ८१/०७४/७५ | वरिष्ठ सहायक | ५ | प्रा. | इलेक्ट्रिकल इन्जि. | | २ | खुला<br>महिला | १<br>१ | मान्यता प्राप्त शिक्षण संस्थाबाट ईलेक्ट्रिकल इन्जिनियरिङ्ग विषयमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण । |
| २८ | ८२/०७४/७५ | वरिष्ठ सहायक | ५ | प्रा. | ई. एण्ड टे.कम. इन्जि. | | ८ | खुला<br>महिला<br>आ.ज.<br>मधेसी | ४<br>२<br>१<br>१ | मान्यता प्राप्त शिक्षण संस्थाबाट ईलेक्ट्रोनिक्स/ईलेक्ट्रोनिक्स एण्ड टेलिकम्युनिकेशन इन्जिनियरिङ्ग विषयमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण । |
| २९ | ८३/०७४/७५ | वरिष्ठ सहायक | ५ | प्रा. | मेकानिकल इन्जि. | | २ | खुला<br>महिला | १<br>१ | मान्यता प्राप्त शिक्षण संस्थाबाट मेकानिकल इन्जिनियरिङ्ग विषयमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण । |
| ३० | ८४/०७४/७५ | सहायक | ४ | प्र. | प्रशासन | प्रशासन | १ | खुला | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. वा सो सरह उत्तीर्ण । |
| ३१ | ८५/०७४/७५ | सहायक | ४ | प्रा. | एभिएशन फायर सर्भिस | | १३ | खुला<br>महिला<br>आ.ज.<br>मधेसी<br>दलित | ७<br>२<br>२<br>१<br>१ | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. वा सो सरह उत्तीर्ण र नागरिक उड्डयन सँग सम्बन्धित संस्थाबाट जीवनोद्धार तथा विमानस्थल अग्नी निवारण सम्बन्धी आधारभूत तालीम प्राप्त । |
| ३२ | ८६/०७४/७५ | सहायक | ४ | प्रा. | इलेक्ट्रिकल इन्जि. | | २ | खुला<br>महिला | १<br>१ | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. वा सो सरह उत्तीर्ण र सम्बन्धित विषयको ६ महिनाको तालीम प्राप्त । |
| ३३ | ८७/०७४/७५ | सहायक | ४ | प्रा. | मेकानिकल इन्जि. | | १ | खुला | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एस.सी.वा सो सरह उत्तीर्ण र सम्बन्धित विषयको ६ महिनाको तालीम प्राप्त । |
| ३४ | ८८/०७४/७५ | सहायक | ३ | प्रा. | मेकानिकल इन्जि. | | १ | खुला | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट दशम कक्षा उत्तीर्ण र सम्बन्धित विषयको ६ महिनाको तालीम वा एक वर्षको कार्यानुभव । |

१. दरखास्त दिने स्थानः नेपाल नागरिक उड्डयन प्राधिकरण, प्रधान कार्यालय, प्रशासन विभाग, बबरमहल, काठमाडौं ।

२. दरखास्त फाराम र दस्तुर सम्वन्धी विवरण : दरखास्त फारम वापत रु १००।- (एक सय मात्र) र परीक्षा दस्तुर वापत तह ११ को लागि रु.११००।-, तह १० को लागि रु.१०००।-, तह ९ को लागि रु.९००।-, तह ८ को लागि रु.८००।-, तह ७ को लागि रु.७००।-, तह ६ को लागि रु.६००।-, तह ५ को लागि रु.५००।-, तह ४ को लागि रु.४००।- र तह ३ को लागि रु.३००।- लाग्ने छ । समावेशी समूहमा दरखास्त पेश गर्ने उम्मेदवारले प्रत्येक थप समूहको लागि ५०% थप दस्तुर समेत बुझाउनु पर्नेछ । समावेशी समूहमा मात्र दरखास्त पेश गर्ने उम्मेदवारले खुला सरहको दस्तुर बुझाउनु पर्नेछ । एन. एम. बी. बैंकको जुनसुकै कार्यालयमा रहेको यस प्राधिकरणको खाता नं.००१०००००९३१F मा आबेदनकर्ताको नाम स्पष्ट उल्लेख गरी उल्लेखित शुल्कहरु जम्मा गरेको सक्कल भौचर पेश गरी यस कार्यालयबाट दरखास्त फाराम प्राप्त गर्न सकिनेछ ।

३. दरखास्त दिने अन्तिम मितिः २०७४/०९/०६ गते भन्दा पछि थप ७ दिन सम्म दोव्वर परीक्षा दस्तुर तिरी फाराम पेश गर्न सकिने छ । तर दोव्वर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, तालीम, अनुभव तथा नोकरी अवधिको प्रयोजनको लागि गणना गरिने छैन ।

४. उमेरको हद : दरखास्त दिने अन्तिम मितिसम्म सहायक स्तरको लागि १८ वर्ष र अधिकृत स्तरको लागि २१ वर्ष उमेर पूरा भै पुरुषको हकमा ३५ वर्ष र महिलाको हकमा ४० वर्ष ननाघेको हुनुपर्नेछ । प्राधिकरण सेवाका स्थायी वहालवाला कर्मचारीको हकमा उमेर हद लाग्ने छैन ।

५. काम गर्नु पर्ने स्थानः प्राधिकरण अर्न्तगतका कार्यालयहरु ।

६. लिखित परीक्षा कार्यक्रमको सूचना पछि प्रकाशन गरिनेछ ।

७. तलब सुविधाः प्राधिकरणको नियमानुसार ।

**द्रस्टव्य :**

१. ने.ना.उ.प्रा. कर्मचारीहरुको सेवाका शर्त र सुविधा सम्वन्धी नियमावली, २०५६ को नियम ३.६ को उपनियम (२) बमोजिम अधिकृत स्तरमा प्रशासन सेवा तर्फ सातौं तहको र प्रशासन तथा प्राविधिक सेवा तर्फको आठौं, नवौं, दशौं र एघारौ तहको लागि खुल्ला/समावेशी प्रतियोगिताद्वारा नियुक्ति गर्दा अनुसूचि-६ मा तोकिए बमोजिमको शैक्षिक योग्यताको अलावा नेपाल सरकार वा नेपाल सरकारबाट मान्यता प्राप्त संघ, संस्थामा अधिकृत कर्मचारीको हैसियतले **क्रमशः सातौं तहको लागि ५ वर्ष, आठौं तहको लागि ६ वर्ष, नवौं र दशौं तहको लागि ७ वर्ष र एघारौं तहको लागि १० वर्ष सेवा अवधि पूरा गरेको आधिकारिक कागजात पेश गर्नु पर्नेछ । त्यस्ता उम्मेदवारहरुको उमेर ४० वर्ष ननाघेको हुनु पर्नेछ ।**

२. आवेदन फारामसाथ नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताका प्रमाणपत्र, लब्धाङ्क पत्र वा ट्रान्सक्रिप्ट, चारित्रिक प्रमाणपत्र (उमेर खुलेको), तालीमको प्रमाणपत्रका प्रतिलिपिहरु आफैले प्रमाणित गरी पेश गर्नुपर्नेछ । प्राविधिक सेवा तर्फ इन्जिनियरिङ्ग समूहका अधिकृत स्तरका सबै पदहरुको लागि सम्वन्धित विषयमा नेपाल इन्जिनियरिङ्ग परिषदमा दर्ता भएको प्रमाणपत्रका साथै विज्ञापनसंग सम्वन्धित पदको दरखास्त दस्तुर बुझाएको नगदी रसिद समेत अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

३. बिदेशी विश्वविद्यालय वा बोर्डबाट उत्तीर्ण भै शैक्षिक योग्यता प्राप्त गर्ने उम्मेदवारले त्रिभुवन विश्वविद्यालय वा नेपालका अन्य विश्व विद्यालयबाट समकक्षता निर्धारण गरेको प्रमाण संलग्न गर्नुपर्नेछ ।

४. तोकिएका प्रक्रियाहरु पूरा नभएका दरखास्त फाराम जुनसुकै बेला पनि रद्द गरिनेछ । यसरी रद्द हुन गएका दरखास्तहरुको फाराम दस्तुर र परीक्षा दस्तुर फिर्ता गर्न प्राधिकरण बाध्य हुनेछैन ।

५. खुला/समावेशी तर्फ दरखास्त दिने उम्मेदवारहरुको लागि अनुभव तथा तालीम लोक सेवा आयोगको प्रचलित व्यवस्था बमोजिम हुनेछ ।

**समावेशी तर्फका उम्मेदवारहरुले पेश गर्नुपर्ने थप कागजातहरु :**

क. आदिवासी/जनजातिका हकमा नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिको हकमा सोही सूचनाको आधारमा, तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिभित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जातिभित्रको थर हो भनी प्रमाणित गरेको प्रमाणपत्रको प्रतिलिपि दरखास्त साथ पेश गर्नु पर्नेछ ।

ख. मधेशीको हकमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमकै संस्थाबाट मधेशी भनी प्रमाणित गरेको आधारमा, तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोके सम्म सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट मधेशी भनी प्रमाणित गराएको कागजात दरखास्त साथ पेश गर्नु पर्नेछ ।

ग. दलितको हकमा राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिभित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जाति भित्रको थर हो भनी प्रमाणित गराएको कागजात दरखास्त साथ पेश गर्नु पर्नेछ ।